# सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.)

द्वितीय वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको

आवस्यकता पूरा गर्न प्रस्तुत

## शोधपत्र


शोधकर्ता :

गोविन्द भण्डारी

परिक्षा रोल नं. : २१४००३६/०६३

त्रि. वि.दर्ता नं. : ७५६१/८२

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

त्रि.वि. शिक्षाशास्त्र सङ्काय

इन्द्रपुर, मोरङ


२०७०

☎ : ०२१-५४५६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-५४५७१७

सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
स्नातकोत्तर कार्यक्रम
Degree Programme (M.Ed.)

पत्र सङ्ख्या :
चलानी नम्बर : मिति ........................

विषय :

## सिफारिस पत्र

प.सं. मिति : ........................

चं. नं.

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र गोविन्द भण्डारीले **सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापन** शीर्षकमा यो शोध पत्र मेरो निर्देशन सल्लाह र सुझावका आधारमा तयार पार्नु भएको हो । उक्त शोध कार्य नीजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र प्रस्तुत शोध पत्र मैले निर्दिष्ट गरेको शोध ढाँचामा तयार गरिएको छ । नीजको शोध कार्य प्रति म सन्तुष्ट छु । प्रस्तुत शोध कार्यलाई मुल्याङ्कनका लागी सिफारिस गर्दछु ।

मिति : चैत्र, २०७०

**खगेन्द्र लुइटेल**
शोध निर्देशक
सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ्ग

☎ : ०२१-५४६६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-५४५७१७

सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
स्नातकोत्तर कार्यक्रम
Degree Programme (M.Ed.)



पत्र सङ्ख्या :
चलानी नम्बर : मिति ...........................

विषय :

# स्वीकृति पत्र

प.सं. मिति : .........................

चं. नं.

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्तातकोत्तर तहमा अध्ययन गर्ने छात्र गोविन्द भण्डारी यस तहको उपाधिका निमित्त निर्धारित आंशिक आश्यकता परिपूर्ति गर्न प्रस्तुत गर्नु भएको **सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापन** शर्षीकको शोध पत्र मूल्याङ्कनका लागि सिफारिस भएको हुँदा यस समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मी कुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २. | खगेन्द्र लुइटेल | शोध निर्देशक | |
| ३. | | बाह्य परीक्षक | |

मिति : २०७०

# कृतज्ञता ज्ञापन

सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापन विषयमा यो शोध पत्र स्नातकोत्तर (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक अवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यो शोध पत्र तयारीका क्रममा विभिन्न विद्वानहरुबाट अवश्यक सहयोग प्राप्त भएको छ ।

यो शोध पत्र लेखनकार्यमा प्रारम्भ देखि अन्त्य सम्म आफ्नो अमूल्य सुझाव, सल्लाह र उचित निर्देशन दिनुहुने मेरा गुरु शि. श्री खगेन्द्र लुइटेलज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु साथै सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागिय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ, क्याम्पस प्रमुख, उप प्रमुख तथा आदरणीय गुरुहरु साथै अनुशन्धान कार्यमा तथ्याङ्क उपलब्ध गराई दिनुहुने प्र.अ., शिक्षकहरु, वि.व्य.स.का पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी, अनुसन्धानमा सहभागी विद्यार्थी र तिनका अभिभावकहरु सवै जना कृतज्ञताको पात्रहरु हुनुहुन्छ । साथै यस कार्यलाई हरक्षेत्रमा सहयोग गर्नुहुने मेरा शिक्षक साथीहरु, घर परिवारका सदस्यहरु तथा कम्प्युटर प्रिन्टमा सहयोग गर्नुहुने टिना फोटोकपी सेन्टरका संचालक यज्ञमणि निरौलालाई धन्यवाद दिन चाहान्छु ।

डाँगीहाट - ५, मोरङ, **गोविन्द भण्डारी**

२०७०, चैत्र

# शोध सार

"सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापन" शीर्षकमा यो शोधपत्र तयार पारिएको छ । यस अध्ययनको मुख्य उद्देश्यमा विद्यालयहरुको वित्तीय व्यवस्थापनको लेखाजोखा गर्ने रहेको छ ।

यो अनुसन्धानका लागि मोरङ जिल्लाको बाहुनी श्रोतकेन्द्रका ३ वटा विद्यालयलाई छनौट गरिएको थियो । यस भित्र पनि छनौट गरिएका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी शिक्षक अभिभावक संघका अध्यक्ष तथा पदाधिकारी, अभिभावक समेतलाई नमुनाको रुपमा छनौट गरिएको थियो ।

यो शोध अध्ययन परिमाणात्मक र गुणात्मक ढाँचामा केन्द्रित रहेको छ । यस अध्ययनमा प्रश्नावली, अन्तर्वार्ता सुची, छलफल आदि तथ्याङ्क संकलनका स्रोतहरु प्रयोग गरिएको छ  जुन परिशिष्टमा राखिएको छ साथै विद्यालयका शैक्षिक तथ्याङ्क, लेखा प्रतिवेदन, कार्यक्रम कार्यान्वयन निर्देशिका, लेख रचना, पुस्तक तथा प्रतिवेदन समेतको आधारमा तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनका उत्तरदाताहरु विद्यालयका प्राचार्य तथा प्रअहरु, शिक्षकहरु विद्यालय व्य.संका पदाधिकारीहरु, अभिभावक, शिक्षक अभिभावक संघका अध्यक्षहरु, शिक्षकहरु रहेका छन् । संकलन गरिएका तथ्याङ्कहरु उद्देश्यको आधारमा सङ्कलन भएका स्रोतहरुबाट प्राप्त आय कती र सङ्कलित वित्तीय स्रोतको उपभोग के के मा कती भन्ने कुरा विभिन्न तालिकामा राखि व्याख्या एव विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयको वित्तिय व्यवस्थाको अवस्था आम्दानीका सरकारी तथा गैरसरकारी स्रोत खर्चको विवरण विभिन्न शिर्षकमा भएको खर्च तथा निर्णय प्रक्रियाहरु वारे सम्बद्ध सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियालाई तालिकीकरण गरि सो कार्यलाई बढी यथार्थ र वस्तुपरक बनाइएको छ ।

सरकारी अनुदान बाहेक विभिन्न चन्दा, सिफारिस शुल्क, दान दातव्य, शुल्कादि, जग्गाबाट आय, लगानीबाट व्याज समेतबाट विद्यालयमा आम्दानी भएको पाइयो । विद्यार्थी भर्नाबाट खासै आम्दानी भएको पाइएन, खर्च विवरणलाई हेर्दा कूल औषत खर्चको झण्डै ६३.३% रकम तलव भत्तामा खर्च भएको पाइयो । पाठ्यपुस्तक कक्षा १० सम्मै सरकारले निःशुल्क दिएको छ । अनुसन्धानको क्रममा छनौट गरिएका विद्यालयमा लेखापालको

व्यवस्था गरेर आय-व्यय राखेको पाइयो । विद्यालयमा सामाजिक लेखा समिति समेतबाट लेखा परिक्षण गरेको पाइयो । खर्च गर्दा विद्यालय व्य. समितिले निर्णय गरेको नै पाइयो । लक्ष्मी उ.मा.वि. र काली उ.मा.वि.को हकमा लेखापाल अलग्गै व्यवस्था गरेको पाइयो भने महेन्द्र मा.वि.को हकमा शिक्षकहरु मध्येबाट एक जनालाई लेखा हेर्न जिम्मा दिएको पाइयो । माध्यमिक विद्यालयमा लेखा प्रणालीलाई व्यवस्थित गराउनका लागि विद्यालयका प्र.अ. र लेखापालहरुलाई लेखा सम्बन्धी तालिम र गोष्ठिमा सहभागी गराइएको पाइयो । विद्यालयले योजना निर्माण, वार्षिक बजेट अन्तिम लेखा परिक्षणका साथै सामाजिक लेखा परिक्षणको कार्यलाई अवलम्वन गरेको पाइयो । आर्थिक पारदर्शिता भएको भन्नेमा अभिभावकहरु विश्वस्त रहेको पाइयो ।

लगानी असन्तुलनलाई घटाउन विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी लागतको (PCF) आधारमा अनुदान दिने प्रावधानलाई विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले कडाइका साथ लागु गर्नु पर्दछ । शिक्षा क्षेत्रमा खर्च गर्नु पर्ने व्यवस्थालाई विद्यालय व्यवस्थापन समितिले सवै राजनैतिक पाटीसमेतलाई सहमती गरी गा.वि.स.बाट निर्णय गराउनु पर्दछ । अभिभावकहरुको आय वृद्धिको काम गर्न गा.वि.स.लाई अनुरोध गरी विद्यालय व्यवस्थापन समितिले आफ्नो सेवा क्षेत्रका अभिभावकहरुको आर्थिक अवस्थाको वास्तविक खाका प्रस्तुत गरी आय वृद्धिमा गा.वि.स.लाई सहयोग पु¥याउनु पर्दछ । विद्यालयहरु सरकारी अनुदानमा मात्र भरपर्ने स्थितिलाई हटाउन स्थानीय निकायहरु जस्तै गा.वि.स. जिल्ला विकास समिति समेतले आफ्नो आम्दानीको केही प्रतिशत अनिवार्य रुपमा शिक्षा क्षेत्रमा खर्च गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ । सो कार्यलाई गा.वि.स. स्तरमा गा.वि.स. बोर्डले र जिल्ला विकास समितिको हकमा जिल्ला विकास समितिको परिषदले निर्णय गर्नु पर्दछ । विद्यालयको स्रोत व्यवस्थापनमा देखिएको समस्याको मुख्य कारण कमजोर आर्थिक हैसियत भएका अभिभावकहरुको बाहुल्यता पनि हो । यसका लागि एकीकृति ग्रामिण विकासको अवधारणा अनुरुप विभिन्न सस्थाहरुसँग सहकार्यगरी आयवृद्धिका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । उक्त कार्य गर्न विद्यालय व्यवस्थापन समति र प्र.अ.ले संघ सस्थाहरुसँग समन्वय गर्नु पर्दछ ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| सिफरिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोध सार | घ |
| विषयसूची | च |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ५ |
| १.६ अध्ययनको परिसीमा | ५ |
| १.७ संक्षिप्त शब्दावली | ६ |
| **परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्वन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ अध्ययनको शैद्धान्तिक खाका | १० |
| २.३ शैक्षिक उपादेयता | १२ |
| **परिच्छेद तीन : अनुसन्धान विधि** | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ अध्ययनको जनसंख्या | १४ |
| ३.३ नमुना छनौट | १४ |
| ३.४ नमूना छनौट आधार | १५ |
| ३.५ तथ्याङ्क संकलनका साधनहरु | १६ |
| ३.५.१ विद्यालय सर्वेक्षण फारम | १६ |
| ३.५.२ अन्तरवार्ता | १६ |
| ३.५.३ प्रश्नावली | [illegible] |
| ३.५.४ दस्तावेज पुनरावलोकन | [illegible] |
| ३.५५ डायरी टिपोट | १७ |

३.५.६ समुह छलफल १७
३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया १८
३.७ वैधता र विश्वसनियता १९

**परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण**

४.१ सामुदायिक माध्यमिक विद्यालयको आर्थिक स्रोत पहिचान २०
४.१.१ सामुदायिक माध्यमिक विद्यलायको स्रोत संकलन २०
४.१.२ आर्थिक स्रोत उपभोगको स्थिति २७
४.१.३ विद्यालयको वित्तीय योजना तथा बजेट व्यवस्था ३१
४.१.४ विद्यालयको लेखा प्रणाली र आर्थिक लेखा परीक्षण ३२
४.२ विद्यालयको आर्थिक क्रियाकलाप सञ्चालन प्रक्रिया ३३
४.३ विद्यालयको वित्तीय व्यवस्थापनको लेखाजोखा ३४
४.४ सामुदायिक माध्यमिक विद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरु ३५
४.४.१ अभिभावकहरुको आर्थिक अवस्था ३६
४.४.२ उपलब्ध स्रोतको अधिकांश रकम तलवभत्तामा खर्चको कमी ३७
४.४.३ स्थानीय निकाय संघ संस्थाबाट हुन गएको बढि सहयोग ३७
४.४.४ समुदायमा अभिमुखिकरण कार्यक्रमको अभाव ३७
४.४.५ व्यवस्थापकीय सीपको अभाव ३८
४.४.६ राजनितिक अन्यौलता ३८
४.५ आर्थिक व्यवस्थापनलाई चुस्त बनाउने उपायहरु ३९

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति ४१
५.२ निष्कर्ष ४१
५.३ सुझावहरु ४४
५.३.१ नितिगत तह ४४
५.३.२ अभ्यसतह ४५
५.३.३ अनुसन्धान तह ४५
**सन्दर्भ सामग्री** **४७**
**परिशिष्टहरु** **क-ञ**